# बुध्द एयरको प्रेस विज्ञप्ति ११ मे २०२३

बुध्द एयरबारे हिजो प्रकाशित समाचार तथा प्रेश विज्ञप्तिप्रति कम्पनीको गम्भिर ध्यानाकर्षण भएको छ। बुद्ध एयर प्रा.लि. मा संस्थापक शेयरधनीको रुपमा स्व.सुरेन्द्र बहादुर बस्नेत र वीरेन्द्र बहादुर बस्नेत भई सञ्चालन भएको कम्पनीमा पछिबाट शिवेन्द्र बहादुर बस्नेतले प्राप्त गरेका १४ प्रतिशत शेयर निजले २०५६ सालमा बिक्री गरी बुध्द एयरबाट अलग भई प्रतिष्पर्धी 'माउन्टेन एयर प्रा.लि.खोलेका थिए ।

साविकमा यस बुध्द एयर प्रा.लि.को कार्यकारी अध्यक्ष स्व.सुरेन्द्र बहादुर बस्नेतज्यूको नाउँमा रहेको ८० प्रतिशत शेय मध्ये ४० प्रतिशत शेयर वीरेन्द्र बहादुर बस्नेत समेत तर्फ र बाँकी ४० प्रतिशत शेयर अर्चना बस्नेत, शिवानी बस्नेत, देव्यानी बस्नेत र पछिबाट आदर्श बहादुर बस्नेत समेतको नाउँमा हुने गरि स्व. श्री सुरेन्द्र बहादुर बस्नेतज्यूले गर्नु भएको 'बकसपत्र' तथा सवै शेयरधनीहरु विच कम्पनी ऐन, २०६३ को 'दफा १४५' समेत अनुसार मिति २०७५/०४/१५ मा भविष्यमा बुध्द एयर सञ्चालन गर्ने विस्तृत प्रक्रियासहितको 'सर्वसम्मत सम्झौता' गरी कम्पनी ऐन, सर्वसम्मत सम्झौता, प्रबन्ध पत्र नियमावली समेत व्यवस्थाहरुलाई पूर्ण रुपमा विधिसम्मत रुपले पालना गरी पारदर्शी रुपमा कम्पनीका शेयरधनी, कर्मचारीसमेतको हितमा रही काम कारोवार गरी आएको अवस्था छ ।

सर्वसम्मत सम्झौता अनुसार 'क' समुहका ६० प्रतिशत शेयर बाट २ जना र 'ख' समुहका ४० प्रतिशत शेयर मध्येबाट १ जना संचालक नियुक्ती गर्नुपर्ने हुँदा सो समेतको विषयमा प्रस्ताव राखी मिति २०७९/११/२२ मा साधारणसभा हुने गरी दैनिक पत्रिकामा सार्वजनिक सूचनाबाट सवै शेयरधनीहरुलाई आह्वान गर्दा समेत अर्चना बस्नेत, शिवानी बस्नेत र आदर्श बहादुर बस्नेत उपस्थिती हुन नआएको हुँदा उक्त १ संचालक पद खाली नै राखी '६५ प्रतिशत शेयरधनीहरु' को उपस्थितीमा साधारण सभा सम्पन्न भएको थियो ।

३५ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने तिन जना शेयरधनीहरु अर्थात अर्चना बस्नेत, शिवानी बस्नेत र आदर्श बहादुर बस्नेतले कम्पनी ऐन, २०६३ को दफा १४६ र १४७ को अधिकार प्रयोग गर्ने सम्बन्धमा विभिन्न पटक पत्राचारहरु आदान प्रदान भई मिति २०७९/१२/१५ गतेको लागि कागजात तथा अभिलेख निरिक्षण गर्न तथा आर्थिक विवरण लिनका निम्ति समय निर्धारण भएको अवस्थामा समेत कुनै पनि शेयरधनीहरु वा प्रतिनिधी उपस्थित हुन नआएको अवस्था छ ।

मिति २०७९/१२/२४ गतेका दिन शिवेन्द्र बहादुर बस्नेतले आफुसँग दुई जना कानून व्यवसायी तथा एक जना लेखापरीक्षकसमेत कम्पनीको रजिष्टर्ड कार्यालयभित्र प्रवेश गरी गराई विभिन्न काल्पनीक आरोप लगाई झुट्ठा, बनाबटी कुराहरु सुनाई कानून प्रतिकुलका जस्तै समुह 'क' र समुह 'ख' बाट समानान्तर दुईवटा व्यवस्थापन संचालन गर्ने, नत्र भए कम्पनीलाई 'लिक्यूडेशन' मा लगी ४० प्रतिशत शेयर बराबरको सम्पत्ति लिगि छुट्टै वायुसेवा कम्पनी सञ्चालन गर्ने माँगहरु राखी निज शिवेन्द्र बहादुर बस्नेतले व्यक्त गर्नु भएको 'अडियो' कम्पनीसँग सुरक्षित रहेको छ ।

३५ प्रतिशत शेयरधनीहरुले कम्पनी ऐन, २०६३ को दफा १४६ र १४७ बमोजिमको अधिकार प्रयोग गर्ने वहानामा

गैरकानूनी, अनुचीत लाभ प्राप्ती तथा कम्पनीको अहित हुने कार्यतर्फ अग्रसर रहेको अवस्थामा कम्पनीले बाध्य भई शेयरधनीहरुले उक्त कानूनी व्यवस्थाको प्रयोग अगामी साधारण सभामा उपभोग गर्न जानकारी गराइएको छ ।

यस कम्पनीको सम्पूर्ण कारोवारको विवरण, सर्वसम्मत सम्झौता, साधारणसभा, ३५ प्रतिशत शेयरधनीहरुले कम्पनीलाई पटक पटक गर्नुभएको पत्राचारहरु, कम्पनीले निज शेयरधनीहरुलाई विभिन्न मितिमा गरेको पत्राचारहरु समेतको कागजातहरु श्री कम्पनी रजिष्ट्रारको कार्यालय समक्ष अभिलेख भई रहेको र सो कागजातहरु यस कम्पनीमा समेत सुरक्षित रहेको हुँदा सरोकारवाला व्यक्तिले जुनसुकै बखत अवलोकन गर्न सक्ने बुध्द एयरले विज्ञप्तिमार्फत जनाएको छ ।

शिवेन्द्रजीले बुध्द एयर छाड्दा कम्पनी घाटामा रहेको थियो । २३ वर्षको अनवरत मिहनेत तथा प्रयासका कारण सफल व्यापारिक संस्थाको रुपमा आज स्थापित हुनपुगेको छ । १५०० कर्मचारीलाई रोजगार, नागरिक उड्डयन प्राधिकरणलाई विभिन्न कर दस्तुर तथा राज्यलाई वर्षको करोडौं रकम समयमै भुक्तानी गर्न सफल भएको छ । वर्षको २५ औं लाख नेपाली यात्रुहरुलाई सुलभ, सुरक्षित एवं सस्तो भाडादरमा उडान सेवा प्रदान गरिरहेको छ । बुध्द एयरले उडान सेवालाई अझ बढि विस्तार तथा परिष्कृत गर्न प्रतिवद्ध रहेको प्रेस विज्ञप्तिमार्फत जनाएको छ ।